# नेपाल राष्ट्र बैंक
# राष्ट्र ऋण व्यवस्थापन विभाग
थापाथली, काठमाडौंको

## नागरिक बचतपत्र २०७२ निष्कासन गर्ने सूचना

श्री ५ को सरकारले राष्ट्र ऋण ऐन, २०५९ र राष्ट्र ऋण नियमावली, २०५९ अनुसार देहाय बमोजिमका शर्तहरु कायम गरी नागरिक बचतपत्र २०७२ निष्कासन गर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. (क) बचतपत्रको नाम :- नागरिक बचतपत्र २०७२ (१०-वर्षे) ।
(ख) निष्कासन गर्ने रकम :- रु.२५.०० करोड (पच्चीस करोड रुपैयाँ मात्र) ।
(ग) वार्षिक ब्याजदर :- ६.०० प्रतिशत (अर्द्धवार्षिक रुपमा ब्याज भुक्तानी हुने तथा ब्याजकर लाग्ने) ।
(घ) बिक्री खुला हुने अवधि :- २०६२ फाल्गुण २ गतेदेखि फाल्गुन २२ गतेसम्म ।
(ङ) निष्कासन हुने मिति :- २०६२ फाल्गुण २३ गते ।
(च) साँवा भुक्तानी हुने मिति :- २०७२ फाल्गुण २३ गते ।
(छ) खरिद गर्न सकिने रकम :- रु.१,०००।- वा सो अंकले भाग गर्दा नि:शेष हुने रकम (बढीमा पाँच लाख रुपैयाँसम्म)
(ज) यो बचतपत्र धितो राखी कर्जा लिन दिन पाइने छ ।

२. यो बचतपत्र अंकित मूल्यमा नेपाली नागरिकहरुले मात्र खरिद गर्न पाउनेछन् ।

३. तोकिएको ब्याजदरमा हरेक ६/६ महिनामा आफुलाई पायक पर्ने नेपाल राष्ट्र बैंक, बाणिज्य बैंक, कृषि विकास बैंकका बैंकिङ्ग कारोवार गर्ने कार्यालयहरु तथा बजार निर्माताहरु (यसको सूची नेपाल राष्ट्र बैंकको वेबसाइट http:// www .nrb.org.np मा उपलब्ध छ) बाट ब्याज लिन सकिनेछ ।

४. खरिदकर्ताले बैंक तथा बजार निर्माता कहाँ रकम बुझाएकै मितिदेखि २०६२ फल्गुण २२ गतेसम्मको खण्डित अवधिमा उपरोक्त ब्याजदरले हुन आउने ब्याज रकम समेत भुक्तानी पाउनेछ ।

५. स्टक वा प्रमिशरी नोटको रुपमा बचतपत्र लिन पाइनेछ । बचतपत्र खरिद गर्नेले दरखास्त फाराममा आफ्नो पुरा नाम र ठेगाना उल्लेख गरी दस्तखत गर्नु पर्नेछ । दरखास्तसाथ विवरण प्रष्ट बुझिने नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा लेखपढ गर्न नजान्ने व्यक्तिको हकमा पासपोर्ट साइजको फोटो फाराममा १ थान र प्रति थान बचतपत्रमा १ का दरले आवश्यक पर्ने फोटो अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । नाबालकको नाममा बचतपत्र खरिद गर्दा संरक्षकले आफ्नो नागरिकताको प्रमाणपत्र र नाबालकको जन्म दर्ता प्रमाण समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

६. रीतपूर्वक पेश नभई अस्वीकृत भएका दरखास्तको सम्बन्धमा जम्मा हुन आएको रकम यस सम्बन्धि निर्णय भएको मितिले १५ दिनभित्र विना ब्याज सम्बन्धित व्यक्तिलाई फिर्ता गरिनेछ ।

७. बचतपत्र खरिद गर्न काठमाडौं उपत्यकामा यस विभाग र यस बैंकबाट इजाजत प्राप्त बजार निर्माताहरु तथा उपत्यका बाहिर नेपाल राष्ट्र बैंक, बाणिज्य बैंकहरुका शाखा उपशाखाहरु, कृषि विकास बैंकका बैकिङ्ग कारोवार गर्ने कार्यालयहरु तथा बजार निर्माताहरु मार्फत खरिद गर्न सकिनेछ । दरखास्त फाराम र रकम बुझाउने भौचरहरु सम्बन्धित बैंक तथा बजार निर्माताहरुहरुबाट नि:शुल्क उपलब्ध हुनेछ ।

८. उपरोक्त नागरिक बचतपत्र बिक्री गर्न गराउन नेपाल राष्ट्र बैकका कार्यालयहरु, बाणिज्य बैंकहरु, कृषि विकास बैंक र यस बैंकबाट इजाजत प्राप्त बजार निर्माताहरुलाई परिपत्र तथा कार्यविधि पठाइएको छ । सो परिपत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानी नागरिक बचतपत्र खरिद गर्न चाहने व्यक्तिहरुलाई उपरोक्त म्यादभित्र बिक्री गरी दैनिक खवर फ्याक्स (फ्याक्स नं. ४२५४१७०) वा छिटो साधनबाट यस विभागमा पठाउनु हुन र दैनिक रुपमा विवरण सहितको दरखास्त फारामहरु हुलाक वा एक्सप्रेस डेलिभरीद्वारा यस विभागमा पठाउने व्यवस्था गर्नु हुन समेत अनुरोध गरिएको छ ।

९. बिक्री खुला रहेको अवधि पूरा नहुँदै सबै रकम बिक्री भएमा उक्त अवधि समाप्त हुनु अगावै बचतपत्र बिक्री कार्य बन्द गर्न सकिने छ । साथै, बिक्री खुला रहेको अवधिभित्र सम्पूर्ण रकम बिक्री नभई बाँकी रहेमा वा बढी बिक्री भएमा बचतपत्र बाँडफाँड सम्बन्धी निर्णय यस बैंकले गरे बमोजिम हुनेछ ।

१०. यस विषयमा थप जानकारीको लागि काठमाडौंमा यस विभागको फोन नं.४२५७८८०,४२४८९००-९०४ एक्सटेन्सन १२३, ४२२१७६३ वा ४२४१२७२ मा तथा उपत्यका बाहिर आफ्नो नजिकको नेपाल राष्ट्र बैंक तथा वाणिज्य बैंकका कार्यालयहरु र बजार निर्माताहरुमा सम्पर्क राख्नु हुन तथा यस बैंकको वेबसाइड http://www .nrb.org.np मा हेर्नु हुन अनुरोध छ ।